




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन १६ गते सोमबार ❑ 28 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## एमसिसी सम्झौता पारित

**रासस**
**काठमाडौं, १५ फागुन**

प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकले 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौता बहुमतले पारित गरेको छ।



अर्थमन्त्री जनार्दन शर्माले व्याख्यात्मक घोषणासहितको प्रस्ताव पारित गर्न सभामा प्रस्तुत गर्नुभएको थियो। सो प्रस्तावलाई ध्वनिमतले पारित गरिएको हो। लामो बहस र विवादपछि उक्त सम्झौता आइतबार पारित भएको हो। सभामुख अग्निप्रसाद सापकोटाले व्याख्यात्मक घोषणासमेत सदनबाट जारी भएको सुनाउनुभयो। आइतबार बसेको प्रतिनिधिसभाको दोस्रो बैठकमा अर्थमन्त्री जनार्दन शर्माले एमसीसी सम्झौताबारे उठेका प्रश्नहरुलाई समेटेर १२ बुंदे व्याख्यात्मक घोषणा प्रस्ताव गरेका थिए, जसलाई संसदले एमसीसीसँगै अनुमोदन गरेको छ। ८ असोजमा टेबल भएको एमसीसीमाथि आइतबार पहिलो बैठकमा सैद्धान्तिक छलफल भएको थियो। सत्तारूढ कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीका सांसदहरूले समर्थन गरे। माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीका सांसदहरु विभाजित भए। धेरैले व्याख्यात्मक घोषणा गरेर पास गर्नुपर्ने बताउँदा विरोध गर्नेहरुले भने राष्ट्रिय हितमा नभएको बताएका थिए।

प्रमुख प्रतिपक्ष नेकपा एमालेका सांसदहरूले प्रकियामै भाग लिएनन्। २३ भदौदेखि संसदमा नाराबाजी गर्दै आएको एमालेका सांसदहरूले दुबै वैठकमा वेलमा नाराबाजी गरे। १४ सांसदलाई कारबाही गरेको सूचना नटाँसेको भन्दै नाराबाजी गरेका उनीहरुले एमसीसीको समर्थन वा विरोध भने गरेनन्। एमाले सांसद भीम रावलले भने छलफलमा भाग मात्र लिएनन्, एमसीसीको विरोध गरे। छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री शर्माले व्याख्यात्मक घोषणाको प्रस्ताव ल्याउने बताउनुभयो। संसद बैठक स्थगित भएपछि बानेश्वरमै मन्त्रिपरिषद बैठक बस्यो, व्याख्यात्मक घोषणाको प्रस्ताव पास गर्यो। व्याख्यात्मक घोषणामा मिलेनियम च्यालेन्ज कम्प्याक्टको पक्ष भएको कारण नेपाल, अमेरिकाको हिन्द प्रशान्त रणनीति लगायतका कुनै पनि सामरिक, सैन्य वा सुरक्षा गठबन्धनमा आवद्ध भएको मानिने छैन भन्ने घोषणा गरिएको छ। नेपालको संविधान, कम्प्याक्ट र कम्प्याक्टसँग सम्बन्धित अन्य सम्झौताहरु भन्दा माथि रहेको, एमसीसी अनुदानको प्रयोग बाहेक अन्य कुनै पनि उद्देश्यका लागि अमेरिकी कानून वा नीतिहरूको पालना गर्न नेपाल बाध्य नहुने, एमसीए-नेपालको सबै क्रियाकलाप तथा कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट गर्ने र बौद्धिक सम्पत्तिहरू नेपालको स्वामित्व रहने घोषणा गरिएको छ। व्याख्यात्मक घोषणामा एमसीसीका क्रियाकलाप/कार्यक्रम सञ्चालन गर्दा नेपालको कानून वा नीति उल्लङ्घन भएकोमा ३० दिनको पूर्व लिखित पूर्वसूचना दिई कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकार रहने समेत उल्लेख छ। व्याख्यात्मक घोषणा र एमसीसीमाथि भएको छलफलमा माओवादी केन्द्रका गिरिराजमणि पोखरेल, एमालेका भीम रावल, नेमकिपाका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलले विरोध गरे। अरुले भने एमसीसी अनुमोदनको पक्षमा मत जाहेर गरे। छलफलपछि सभामुख अग्निप्रसाद सापकोटाले व्याख्यात्मक घोषणा र एमसीसी निर्णयार्थ प्रस्तुत गरे, जसलाई ध्वनी मतले बहुमतका साथ अनुमोदन गरेको छ।

एमालेका भीम रावल, नेमकिपाका प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलले मात्र विपक्षमा मत दिएका छन्। प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले भने आफ्ना माग सम्बोधन नभएको जनाउँदै विरोध जारी राखेको थियो।

## नायक पल शाह तनहुँ प्रहरीको नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
**दमौली, १५ फागुन**

जबर्जस्ती करणीको अभियोग लागेका नायक पल शाह पक्राउ परेका छन्। आइतबार जिल्ला प्रहरी कार्यालय तनहुँमा उपस्थित भएपछि प्रहरीले शाहलाई पक्राउ गरेको हो।

प्रहरी नायब उपरीक्षक युवराज खड्काले शाहलाई पक्राउ गरिएको जानकारी दिनुभयो। सत्र वर्षीया गायिकालाई जबर्जस्ती गरेको जाहेरी परेपछि शाह प्रहरीको फरार सूचीमा थिए। पीडितका परिवारले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। शाहले आइतबार नै प्रहरीसामु आत्मसमर्पण गर्ने जानकारी दिनुभएको थियो। पीडितका परिवारले नायक शाहले विसं २०७८ वैशाख १४ गते ललाइफकाई जबर्जस्ती करणी गरेको जाहेरीमा उल्लेख गरेको छ। त्यस्तै विसं २०७७ पुस १० गते पोखरामा र चैत ७ गते चितवनमा पीडितलाई जबर्जस्ती करणी गरेको जाहेरीमा भनिएको छ। जाहेरीमा निज शाहविरुद्ध मुलुकी अपराध संहिता २०७४ को दफा २१९ (१) विपरीतको कसुर अपराधमा कडाभन्दा कडा कारवाही गरी कानूनबमोजिम गरी सोही संहिताको दफा २२८ बमोजिम पीडितलाई उचित क्षतिपूर्ति दिलाउन माग गरिएको छ।




## थप ४१५ जना संक्रमणमुक्त

**रासस**
**काठमाडौं, १५ फागुन**

पछिल्लो २४ घण्टामा ४१५ जना कोरोनाबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै हालसम्म नौ लाख ५६ हजार ४१३ जना सङ्क्रमणमुक्त भएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार हाल देशैभरी आठ हजार ५१७ जना सक्रिय सङ्क्रमित छन्। सो अवधिमा ६ हजार ४८४ जनाको पिसीआर परीक्षण गर्दा ९४ जना र तीन हजार २२४ जना एन्टिजेन परीक्षण गर्दा १७ जना गरी जम्मा १११ जनामा कोरोना सङ्क्रमण देखिएको छ। योसँगै नेपालमा कोरोना सङ्क्रमितको कूल सङ्ख्या ११ लाख १६ हजार १९१ पुगेको छ। हाल आठ हजार २८५ होम आइसोलेशनमा रहेको र २३२ जना संस्थागत आइसोलेशनमा रहेको मन्त्रालयले जनाएको छ। सङ्क्रमितमध्ये ८१ जना आइसीयु र १० जना भेन्टिलेटरमा उपचाररत् छन् भने १० वर्ष मुनिका चार बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। एघारदेखि २० वर्ष उमेर समूहका ६ जना कोरोना सङ्क्रमित थपिएका छन्। कोरोनाबाट नेपाल मृत्यु हुनेको सङ्ख्या ११ हजार ९३५ पुगेको छ।

यस अवधिमा ४१ हजार ३६९ जनाले कोरोना विरुद्धको खोप लगाएका छन्। खोप अभियान सुरु भएदेखि हालसम्म कुल ३ करोड ६९ लाख ८४ हजार ६११ मात्रा खोप लगाइएको छ। पहिलो मात्रा लगाउने एक करोड ८४ लाख ५४ हजार ७१७ र पूर्ण मात्रा लगाउनेको सङ्ख्या एक करोड ७४ लाख १९ हजार ३४४ पुगेको मन्त्रालयले जनाएको छ।

एघार लाख १० हजार ५५० ले अतिरिक्त खोपको मात्रा लगाएका छन्।

## एमसिसी सम्झौताको व्याख्यात्मक घोषणा सकारात्मक

**रासस**
**काठमाडौं, १५ फागुन**

सरकारले अमेरिकी सहयोग परियोजना (एमसिसी) को सन्दर्भमा प्रतिनिधिसभामा प्रस्तुत गरेको १२ बुंदे व्याख्यात्मक घोषणालाई सांसदहरूले सकारात्मक भएको प्रतिक्रिया दिएका छन्। एमसिसी सम्झौताको प्रावधानमाथिको छलफलमा भाग लिँदै सांसदहरूले सो कुरा बताएका हुन्।

प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकमा भएको उक्त सम्झौतामाथिको छलफलमा भाग लिँदै नेपाली कांग्रेसकी सचेतक पुष्पा भुसालले एमसिसीले नेपालको अर्थतन्त्रलाई बलियो बनाउन र पूर्वाधारको विकासका लागि सहयोग गर्ने बताउनुभयो। उहाँले एमसिसीले विश्वका ४६ वटा देशहरूसँग पनि भएको र सम्झौतामा सैने गठनबाट जोडिएको छैन भनी प्रस्ट पार्नुभयो। व्याख्यात्मक घोषणा सकारात्मक भएको उहाँको टिप्पणी छ। सांसद प्रेम सुवालले सम्झौताको विरोध गर्दै एमसिसी खारेज गर्नुपर्ने माग गर्नुभयो। मातृकाप्रसाद यादवले व्याख्यात्मक घोषणा अन्तरष्ट्रिय रूपमै एमसिसीको अङ्ग बनेको छ भन्नुभयो। सांसद डा मीनेन्द्रप्रसाद रिजालले एमसिसीका बारेमा गलत भ्रम चिर्नका लागि व्याख्यात्मक घोषणाले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो।

नेकपा (एकीकृत समाजवादी) का सांसद जीवनराम श्रेष्ठले १२ बुँदे व्याख्यात्मक घोषणा सकारात्मक भएको बताउँदै सो घोषणालाई अमेरिकी पक्षले पनि अनिवार्य पालना गर्नुपर्ने बताउनुभयो। नेकपा (माओवादी केन्द्र) का सांसद गिरीराजमणि पोखरेलले एमसिसीबारे अझै स्पष्ट गर्नुपर्नेमा जोड दिनुभयो। कांग्रेसका सांसद गगन थापाले अहिले एमसिसीबारे विरोध गर्ने दलका नेताहरूले एमसिसीबारे सम्झौतामा सहभागी भएको भन्दै नक्कली राष्ट्रवादी नहुन आग्रह गर्नुभयो।

बैठकमा अर्थमन्त्री जनार्दन शर्माले पेस गर्नुभएको 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौताका प्रावधानमाथि सदनमा छलफल गरियोस्' भन्ने प्रस्ताव बैठकको बहुमतले स्वीकृत गरेको थियो। संसद्को आइतबारको पहिलो बैठकमा एमसिसी सम्झौताको सैद्धान्तिक पक्षमाथि छलफल भएको थियो। अर्थमन्त्री शर्माले सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिनुभएको थियो।

## एमसिसी सम्झौताको पक्ष विपक्षमा सांसदका तर्क


**रासस**
**काठमाडौं, १५ फागुन**

नेपाल सरकार र अमेरिकी सहयोगनिकायमिलेनियमच्यालेन्ज कर्पोरेसन (एमसिसी) बीच भएको अनुदान सहायता सम्झौतामाथिको सैद्धान्तिक छलफलमा सहभागी सांसदहरूले पक्ष विपक्षमा तर्क प्रस्तुत गर्नभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सो प्रस्तावमाथिको छलफलमा नेपाली कांगेसका सांसद डा मीनेन्द्र रिजालले एमसिसी सम्झौता हालसम्म ५३ देशमा लागू भएको वा हुने क्रममा रहेको जानकारी गराउँदै, हामी यहाँ नेपालमा मात्रै यो सम्झौता लागू हुन लागेको जस्तै गरी बहस गरिरहेका छौँ भन्नुभयो। उहाँले कांग्रेस र प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाले लचकता देखाएर सबैको सहमति जुटाउने प्रयास गरेकामा प्रशंसा गर्दै अमेरिका मात्रै होइन अन्य छिमेकी मुलुकबाट पनि सहयोग लिएर देश विकास गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। नेकपा (माओवादी केन्द्र) का सांसद गिरिराजमणि पोखरेलले एमसिसी परियोजना विशुद्ध विकासका लागि आएको भए कुनै विरोध नहुने उल्लेख गर्दै केही प्रावधान मुलुकको कानूनसँग मेल नखाने खालको भएको बताउनुभयो। उहाँले यो सम्झौता यथास्थितिमा पारित गर्न नहुने भन्दै परिमार्जन गरेर राष्ट्रिय सहमतिका आधारमा मात्र पारित गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। नेकपा (एकीकृत समाजवादी) का सांसद निरादेवी जैरुले व्याख्यात्मक घोषणाभन्दा पनि नेपालीको शिर निहुरिन नदिने गरी यो सम्झौता अघि बढाउनुपर्ने धारणा व्यक्त गर्नुभयो। नेकपा (माओवादी केन्द्र) का सांसद अन्जना विशंखेले एमसिसी सम्झौता मुलुकका राष्ट्रिय कानूनभन्दा माथि रहेको दाबी गर्नुभयो।

नेकपा (एमाले) का सांसद हृदयेश त्रिपाठीले एमसिसी सम्झौता विकास परियोजना भएको बताउँदै यो अनुदान सहयोग भएको र हालसम्म यस्ता धेरै परियोजना लागु भइसकेको बताउनुभयो। यो सम्झौता पारित नभए अन्तर्राष्ट्रिय प्रतिष्ठा र विश्वासमाथि प्रश्न उठ्न सक्ने बताउँदै उहाँले विकास आयोजनामा देखिने बाधा र समस्याका कारण सर्त राखेको हुन सक्ने धारणा व्यक्त गर्नुभयो। उहाँले सम्झौताअनुसार प्रसारण लाइन र सडक स्तरोन्नतिका काम भएकाले यो मुलुकको हितमा छ भन्नुभयो।

जनता समाजवादी पार्टी (जसपा) का रेनुका गुरुङले एमसिसी परियोजनाले नेपाल र नेपाली जनताको स्वाभिमानमाथि प्रश्न उठेको हुनाले सबै दलबीच सहमति जुटाएर मात्र अनुमोदन गर्नुपर्ने बताउनुभयो। जसपा नेपालकै प्रमोद साहले एमसिसी सम्झौता सबै पार्टीलाई चाहिएको हुनाले विरोधको नाममा विरोध नगरी राष्ट्रिय सहमति र समझदारीका आधारमा अगाडि बढाउनुपर्ने बताउनुभयो।

# दुई महिनापछि पोखरा–जोमसोम उडान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ फागुन**

पोखरा–जोमसोम हवाई उडान सेवा दुई महिनापछि सञ्चालन भएको छ । हिउँदको प्रतिकूल मौसम र कोरोना (भाइरस) सङ्क्रमणका कारण यात्रु नभएकाले गत पुस दोस्रो हप्तादेखि पोखरा–जोमसोम हवाई सेवा बन्द भएको थियो ।

जोमसोमस्थित नागरिक उड्डयन कार्यालयका प्रमुख पुस्कलराज शर्माले दुई महिनापछि पोखरा–जोमसोम उडान हुन थालेको जानकारी दिनुभयो । “समिट एयरले शनिबार र आइतबार दुई/दुई वटा चार्टड फलाइट गरेको छ,” उहाँले भन्नुभयो, “तारा एयरले पनि उडानको तयारी गरेको छ ।” पोखरा–जोमसोम हवाई मार्गमा सामान्य अवस्थामा तारा र समिट एयरले दैनिक पाँच/पाँच वटा उडान भर्दै आएका छन् । हवाई उडान चालु भएपछि स्थानीयवासीका साथै मुस्ताङ जाने–आउने पर्यटकलाई सहज भएको छ । मार्चको ७ तारिकदेखि नियमित उडान हुने जोमसोम विमानस्थलले जनाएको छ । भारतीय पर्यटक पनि हवाई मार्ग भएर मुस्ताङ पुग्न थालेका हुन् । हिउँदयाम सकिएको र कोरोनाको जोखिम न्यूनीकरण हुँदै गइरहेकाले भारतीय तथा तेस्रो मुलुकका पर्यटक हवाई मार्ग भएर मुस्ताङ पुगी फर्कनका लागि टिकट बुकिङ हुन थालेको छ । स्तरोन्नतिका लागि भन्दै मुस्ताङलाई सडक सञ्जालसँग जोड्ने बेनी–जोमसोम सडकको विभिन्न ठाउँमा दैनिक आठ घण्टा बन्द हुने गरेको छ ।

अहिले सडकमार्ग भएर पनि मुस्ताङ पुग्ने पर्यटकको सङ्ख्या बढ्न थालेको छ । घाँसा प्रहरी चौकीका अनुसार दैनिक एक हजार ५०० पर्यटक सडक मार्ग भएर मुस्ताङ भित्रिएका छन् । चौकीका इञ्चार्ज मनबहादुर कार्कीले दैनिक तीन सयको हाराहारीमा मोटरसाइकल, स्कार्पियो जीप र बसमा पर्यटक मुस्ताङ भित्रिएका बताउनुभयो ।

मुक्तिनाथ मन्दिर, कागबेनीलगायत धार्मिक र पर्यटकीयस्थलमा चहलपहल बढेको छ । मुक्तिनाथ मन्दिरका कर्मचारी रवीन सुवेदीले गर्मी बढ्नाका साथै कोरोना सङ्क्रमण दर पनि घटेपछि तीर्थयात्रीको आगमन हुन थालेको बताउनुभयो ।

# वडाध्यक्ष आलेको भिरबाट खसेर मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, १५ फागुन**

तनहुँको देवघाट गाउँपालिका–३ का वडाध्यक्ष कीर्तिमान आलेको भिरबाट खसेर मृत्यु भएको छ । वडा कार्यालयबाट घर फर्किने क्रममा भिरबाट खसेर वडाध्यक्ष आलेको मृत्यु भएको प्रहरीले जनाएको छ ।

बिहीबार वडा कार्यालय सकेर घर फर्किंदै गरेका आलेको भिरबाट खसेको अवस्थामा आज शव फेला परेको इलाका प्रहरी कार्यालय देवघाटका प्रहरी नायब निरीक्षक एकनारायण पोखेलले जानकारी दिनुभयो । उहाँका अनुसार वडाध्यक्ष शवको भिरबाट तल ३०/४० मिटर तल खसेको थियो । वडाध्यक्ष आले बिहीबारदेखि घर नफर्किएको परिवारलाई उद्धृत गर्दै प्रहरी नायब निरीक्षक पोखेलले बताउनुभयो ।

“वडा कार्यालयबाट निस्किए पनि उहाँ बिहीबारदेखि घर पुग्नुभएको रहेनछ, आज भिरबाट लडेको अवस्थामा शव भेटियो,” उहाँले भन्नुभयो । उहाँका अनुसार शवको मुचुल्का गरेर शवपरीक्षणका लागि दमौली अस्पताल पठाउने तयारी गरिएको छ । वडाध्यक्ष थापा २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट निर्वाचित हुनुभएको थियो ।

तनहुँको देवघाट गाउँपालिकाले वडा नं ३ का वडाध्यक्ष एवं कार्यपालिका सदस्य कीर्तिमान आलेको निधनमा शोक बिदा दिने निर्णय गरेको छ । वडा कार्यालयबाट घर फर्किने क्रममा भिरबाट लडेर मृत्यु भएका आलेको शोकमा गाउँपालिकाले फागुन १६ गते शोक बिदा दिने निर्णय गरेको हो ।

गाउँपालिका अध्यक्षस्तरीय निर्णयबाट शोक बिदा दिने निर्णय भएको निमित्त प्रमुख प्रशासकीय अधिकृत गोविन्दप्रसाद पौडेलले जानकारी दिनुभयो । उक्त दिन गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय बन्द रहने गाउँपालिकाले जनाएको छ ।



अधिकारीको शालिकमा माल्यार्पण : नेकपा (एमाले)का नेता रवीन्द्र अधिकारीको तेस्रो स्मृति दिवसका अवसरमा पोखरा–१८ स्थित सहिद स्मृति पार्कमा रहेको उहाँको शालिकमा माल्यार्पण गर्दै एमाले सङ्गठन विभाग प्रमुख खगराज अधिकारी । तस्बिरः जमुनावर्षा शर्मा/रासस

# एमसिसीबारेको ११ बुँदे व्याख्यात्मक घोषणामा के छ ?

**रासस**
**काठमाडौं, १५ फागुन**

सत्तारुढ दलहरुले अमेरिकी सहयोग परियोजना एमसिसीलाई नितान्त आर्थिक सहयोग र भौतिक पूर्वाधारको विकासमा केन्द्रित रहेको व्याख्यात्मक घोषणा गरेका छन् ।

एमसिसी सम्झौताका सन्दर्भमा उठेका अनेक प्रश्न र जिज्ञासाको चित्तबुझ्दो जवाफ खोज्दै दलहरुले कम्प्याक्टका सम्बन्धमा, त्यसको पक्ष भएका कारण नेपाल संयुक्तराज्य अमेरिकाको इण्डो प्यासेफिक स्ट्राटेजीलगायत कुनै पनि सामरिक सैन्य वा सुरक्षा गठबन्धमा बाँधिएको मानिने छैन भन्ने घोषणा गरेका छन् ।

सत्तारुढ दलले विभिन्न ११ बुँदामा विवादित भनिएका विषयका सम्बन्धमा स्पष्ट पार्ने प्रयास गरेका छन् । लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयले गर्ने, आयोजनाबाट प्राप्त हुने बौद्धिक सम्पत्ति नेपालको नै हुने तथा नेपालको संविधानभन्दा माथि कुनै पनि सम्झौता नरहने र विद्यमान नेपालको कानूनअनुसार नै निर्देशित हुने घोषणा गरिएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको सत्तारुढ दलहरुबीच भएको बैठकमा एमसिसीका सन्दर्भमा उठेका प्रश्नको उत्तर व्याख्यात्मक घोषणामार्फत सार्वजनिक गरेका हुन् । यस्तै, सम्झौताको दफा २.७, दफा ५.२ (ख) ३, दफा ५.२ ख ४ का सम्बन्धमा सम्झौताको उक्त दफाको उद्देश्य अनुदानको उपयोग सन्दर्भमा मात्र हुन्छ भन्ने बुझाई नेपालको रहेको छ र अन्य प्रावधानले एमसिसी अनुदानको प्रयोग बाहेक अन्य कुनै पनि उद्देश्यका लागि हाल विद्यमान वा भविष्यमा निर्माण हुने अमेरिकी कानून वा नीतिहरुको पालना गर्न नेपाल बाध्य छैन भन्ने घोषणा गर्दछ ।

सत्तारुढ दलले कम्प्याक्टको दफा ३.२ (ख) का सम्बन्धमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समितिले सञ्चालन गर्ने क्रियाकलाप नेपालको कानुनद्वारा निर्देशित र कम्प्याक्टअनुसार नियमित हुनेछ भन्ने स्पष्ट पारिएको छ ।

बौद्धिक सम्पत्तिको हकमा एमसिसीको स्वामित्व रहने छैन र कम्प्याक्ट कार्यक्रमअन्तर्गत सिर्जना हुने सम्पूर्ण बौद्धिक सम्पत्तिउपर नेपालको स्वामित्व रहनेछ र त्यसको पूर्ण उपभोग नेपालले गर्नेछ भन्नेमा सत्तारुढ दल सहमत भएका छन् ।

यस्तै, कम्प्याक्टको दफा ३.५ का सम्बन्धमा कार्यान्वयन पत्रहरु कम्प्याक्टको दायराभित्र लागू गरिने भएको छ । एमसिए नेपालको सबै गतिविधि तथा कोषको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम महालेखा परीक्षकबाट पनि गरिने भएको छ । त्यस्तै, सम्झौताअन्तर्गतका गतिविधि, कार्यक्रमले नेपालको कानून वा नीतिको उल्लङ्घन गरेमा नेपालले ३० दिनभित्र लिखित सूचना दिएर कम्प्याक्ट वा एमसिसी अनुदान रकम खारेज गर्ने अधिकार नेपालसँग रहेको घोषणा गर्दछ ।

सम्झौताको समाप्ति, निलम्वन वा अन्त्यपश्चात् पनि लागू हुने भनिएका प्रावधान बाँकी रहेको एमसिसी अनुदान रकमको उपयोगलगायत कम्प्याक्टअन्तर्गतकापरियोजनाको मूल्याङ्कन, लेखापरीक्षक र करको फरफारकको हदसम्म प्रासङ्गिक हुने घोषणा नेपाल गर्दछ । कम्प्याक्टको दफा ७.१ का सम्बन्धमा नेपालको संविधान कम्प्याक्टभन्दा माथि रहनेछ भन्ने घोषणा गर्दछ । साथै कम्प्याक्ट र कम्प्याक्टअन्तर्गतका कार्यक्रम परियोजनाको कार्यान्वयन नेपालको कानून र कम्प्याक्टबमोजिम गरिनेछ ।

विद्युत् प्रसारण आयोजनालगायतका सबै चल तथा अचल सम्पत्ति, आयोजनासँग सम्बन्धित जग्गा नेपाल सरकार वा नेपाल सरकारका निकायको स्वामित्वमा रहने घोषणा गर्दछ । यस्तै, एमसिसीबाट प्राप्त पत्रका सम्बन्धमा उक्त पत्रमा रहेको मिलेनियम च्यालेञ्ज कर्पोरेशनको जवाफ कम्प्याक्टको व्याख्या तथा कार्यान्वयनमा मद्दत गर्ने बुझाइ नेपालको रहेको छ ।

# राजन बने कास्की सिनियर भेट्रान्स च्याम्पियन

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

राजन पौडेलले रेवान पोखरा भेट्रान्स टेनिस प्रतियोगिता–२०७८ अन्तर्गत सिनियर भेट्रान्सको उपाधी जितेका छन् ।



आइतबार पोखरा रंगशालामा भएको फाइनल खेलमा गोपीबहादुर भट्टराईलाई ६–७, ६–२ र सुपरटाईमा १०–५ ले पराजित गर्दै पौडेलले सो उपाधीमा आफ्नों नाम लेखाएका हुन् । कास्की जिल्ला टेनिस संघको आयोजना तथा रेवान पोखराको मुख्य प्रायोजनमा सम्पन्न प्रतियोगिताको सिनियर भेट्रान्स डबल्सतर्फ गोपीबहादुर भट्टराई र धरमबहादुर लामिछाने प्रथम भए । फाइनल खेलमा गोपी/धरम जोडीले नविन श्रेष्ठ र राजु गुरुङ्गको जोडीमाथि ६–३, ६–२ को नजिता निकाल्दै उपाधी चुम्न सफल भएका हुन् । प्रतियोगिताको नवप्रवेशितर्फको उपाधी भिष्मराज पौडेलले जित्दा राजेश गुरुङ्गले दोश्रो स्थानमा चित्त बुझाएका थिए । प्रतियोगितामा खुल्ला एकलतर्फका विजेताले नगद १५ हजार तथा दोश्रो हुनेले नगद ७ हजार ५ सय सहित ट्रफि पुरस्कार प्राप्त गरे । डबल्सतर्फ विजेताले नगद १० हजार तथा उपविजेताले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गरे भने नवप्रवेशितर्फका विजेता र उपविजेताले ट्रफि पुरस्कार प्राप्त गरेका छन् । विजयी खेलाडीहरुलाई कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरणबहादुर बानियाँ, पुरस्कारका प्रायोजक विकास गुरुङ्ग, नेपाल टेनिस संघका उपाध्यक्ष विनोद कायस्थ लगायतले एक समारोहका विच नगद सहित पुरस्कार वितरण गरे । समारोमा बोल्दै प्रमुख अतिथि बानियाँले कास्कीमा टेनिस खेलले ठूलै सफलता हाँसिल गरिसकेकोमा खुसि व्यक्त गरे । यहाँ हुने सर्वाधिक प्रतियोगिताहरुमध्ये टेनिस पनि एक भएको जनाउँदै उनले सम्पन्न प्रतियोगितामा पुरस्कार राशि स्वरुप नगद २० हजार तथा बन्न लागेको टेनिस कोर्ट निर्माणार्थ २५ हजार नगद सहयोग गर्ने घोषणा गरे ।

त्यस्तै प्रतियोगिताको मुख्य प्रायोजक रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले पोखरामा आयोजना हुने टेनिसका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतियोगिताहरुले यहाँ खेलपर्यटनको विकासमा ठूलो टेवा पुऱ्याएको औंल्याए । रेवानले आगामी वर्षहरुमा टेनिसको राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सहयोग गर्ने प्रतिवद्धता जाहेर गरे । आयोजक संघका अध्यक्ष लोक गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रम सचिव नविन श्रेष्ठले सञ्चालन गरेका थिए ।

# प्राध्यापक खत्री अमेरिकाका लागि राजदूत नियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**



राष्ट्रपति विद्यादेवी भण्डारीले प्राध्यापक श्रीधर खत्रीलाई संयुक्त राज्य अमेरिकाका लागि नेपालको आवासीय राजदूतमा नियुक्त गर्नुभएको छ ।

नेपालको संविधानको धारा २८२ अनुसार मन्त्रिपरिषद्को सिफारिसमा उहाँले प्राध्यापक खत्रीलाई राजदूत पदमा आइतबार नियुक्त गर्नुभएको हो ।

मन्त्रिपरिषद्को गत कात्तिक ११ गतेको बैठकले प्राध्यापक खत्रीलाई अमेरिकाका लागि राजदूतमा नियुक्त गर्न सिफारिस गरेको थियो । नव नियुक्त राजदूत खत्री परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका पूर्वकार्यकारी निर्देशक हुनुहुन्छ ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा–८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१–५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# विवादका बीच एमसीसी अनुमोदन

प्रतिनिधि सभामा प्रमुख प्रतिपक्षी नेकपा एमालेको नाराबाजी बीच अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) अनुमोदन गरेको छ। प्रतिनिधि सभामा दर्ता भएको करिब दुईवटा वर्षपछि गठबन्धन दलभित्रको असन्तुष्टिबीच एमसीसी अनुमोदन भए पनि जनतामा भएको नकारात्मक भावना चिर्ने चुनौती छासत्ता गठबन्धनमा रहेका नेकपा माओवादी केन्द्र र नेकपा एसले एमसीसीको विरोधमा सडकमा कार्यकर्ता उतारेर संसदमा लुसुक्क अनुमोदन गराउने कार्यले कार्यकर्तालाई निराश बनाएको छ। आइतबार बसेको प्रतिनिधिसभाको दोस्रो बैठकमा अर्थमन्त्री जनार्दन शर्माले एमसीसी सम्झौताबारे उठेका प्रश्नहरुलाई समेटेर १२ बुँदे व्याख्यात्मक घोषणा प्रस्ताव गरेका थिए, जसलाई संसदले एमसीसीसँगै अनुमोदन गरेको छ । ब्याख्यात्मक घोषणाको अमेरिकाले मान्यता दिनेमा सन्देह छ।

फागुन ८ गतेदेखि टेबल भएको एमसीसीमाथि आइतबार पहिलो बैठकमा सैद्धान्तिक छलफल भएको थियो। सत्तारूढ कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीका सांसदहरूले समर्थन गरे । माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीका सांसदहरु विभाजित भए। धेरैले व्याख्यात्मक घोषणा गरेर पास गर्नुपर्ने बताउँदा विरोध गर्नेहरुले भने राष्ट्रिय हितमा नभएको बताएका थिए। प्रमुख प्रतिपक्ष नेकपा एमालेका सांसदहरूले प्रकियामै भाग लिएनन्। २३ भदौदेखि संसदमा नाराबाजी गर्दै आएको एमालेका सांसदहरूले दुबै वैठकमा वेलमा नाराबाजी गरे। १४ सांसदलाई कारबाही गरेको सूचना नटाँसेको भन्दै नाराबाजी गरेका उनीहरुले एमसीसीको समर्थन वा विरोध भने गरेनन् । एमाले सांसद भीम रावलले भने छलफलमा भाग मात्र लिएनन्, एमसीसीको विरोध गरे।

छलफलमा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री शर्माले व्याख्यात्मक घोषणाको प्रस्ताव ल्याउने बताए । संसद बैठक स्थगित भएपछि बानेश्वरमै मन्त्रिपरिषद बैठक बस्यो, व्याख्यात्मक घोषणाको प्रस्ताव पास गर्यो। नेपालका राजनीतिक दलहरूबीच सहमतिको वातावरण नबनाई संसदबाटो विदेशसंग गरिएको सम्झौता विवादित हुने गरेको छादलका नेताहरूको स्वार्थमा हतारमा निर्णय गरेर अनुमोदन गराउने पुरानै शैली हो। नेता पनि तिनै हुन। अहिले माओवादी केन्द्रका र मधेस केन्द्रीत दल थपिएका छन।विवादका बीच २०५३ असोज ४ गते महाकाली एकीकृत विकास सन्धि संसद्को दुई तिहाई बहुमतबाट पारित भएको थियो। अहिले जस्तै त्यससमयमा पनि सन्धि पारित गर्ने विषयमा व्यापक राजनीतिक ध्रुविकरण भएको थियो। जसको सबैभन्दा ठूलो असर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेभित्र परेको थियो। महाकाली सन्धिको विषयलाई लिएर सो दल फुटेको थियो।

अहिले महाकाली जस्तै एमसीसीको विषयमा सडकदेखि सदनसम्म ध्रुविकरण देखिएको छ । प्रमुख प्रतिपक्षी दल मौन र गठबन्धनभित्र चर्को असन्तुष्टी देखिएको एमसीसी सम्झौतालाई पारित गराउन व्याख्यात्मक टिप्पणीको साहारा लिइएको छ। त्यस्तै महाकाली सन्धि अनुमोदन गर्ने समयमा पनि 'संकल्प प्रस्ताव'को साहार लिइएको थियो। आइतबार एमसीसी सम्झौतामाथि सौद्धान्तिक छलफल भाग लिने सांसदहरुले समेत व्याख्यात्मक घोषणाको हैसियत के हुने भन्दै प्रश्न गरेका थिए। जसमा एमसीसीको विषयमा चर्को विरोध गर्दै आएका पूर्वप्रधानमन्त्री झलनाथ खनालदेखि नेकपा माओवादी केन्द्रमा प्रमुख सचेतक देव गुरुङले व्याख्यात्मक घोषणालाई एमसीसीले स्वीकार नगरे के हुने भनी प्रश्न उठाएका छन । शुरुमा विरोधमा उत्रिने पछि सत्ता स्वार्थमा अनुमोदन गराउन अनैतिक र झेली काम गर्ने गरेका छन।त्यसको असर परियोजना संचालनमा पर्नेछ । जनतामा फैलाएको भ्रमका कारण आफैंलाई अप्ठ्यारो पार्नेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : झमेला बड्ने | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गजल सन्ध्या पोखराको अध्यक्षमा वसन्त विनोद

पोखरापत्र संवाददाता
लमजुङ, १५ फागुन

गजल सन्ध्या पोखराको अध्यक्षमा वसन्त विनोद निर्विरोध चयनभएका छन्। सन्ध्याको शनिबार पोखरामा सम्पन्न १२ औं अधिवेशनबाट वसन्तको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको हो।

समितिका उपाध्यक्षमा सुरज उपाध्याय, सचिवमा त्रुपक, कोषाध्यक्षमा महेश्वर बस्ताकोटी र सहसचिवमा मैया सुवेदी चयन भएकी छिन् । यस्तै सदस्यहरूमा सिर्जना ढकाल, विष्णु सुवेदी, विकास गौतम 'अर्चुल' र माधव खतिवडा चयन भएका छन् । संस्थापक अध्यक्ष दीलिप दोषीको संयोजकत्वमा पूर्व अध्यक्षद्वय रुपीन्द्र प्रभावी र उदिपराज ढुङ्गाना सदस्य रहेको निर्वाचन समितिले सर्वसम्मत कार्यसमिति घोषणा गरेको थियो । अधिवेशनको बन्दसत्रमा सचिवत्रुपक र कोषाध्यक्ष महेश्वर बस्ताकोटीले पेस गरेकाप्रतिवेदनपारित भएको थियो। वि. सं. २०५९ मा स्थापित भई गजलको उत्थानः हाम्रो अभियान भन्ने मूल नारा सहित क्रियाशील सन्ध्यामा यसअघि दीलिप दोषी, दीपक समीप, रुपीन्द्र प्रभावी, कपिलशर्मा, मन क्षेत्री, उदिपराज ढुङ्गाना, बिर्सना बस्नेत, अमृत सुवेदी र मोहन भण्डारीले नेतृत्व गरेकाथिए।

# बागलुङ नगरपालिकाद्वारा शववाहन हस्तान्तरण

पोखरापत्र संवाददाता
बागलुङ, १५ फागुन

बागलुङ नगरपालिकाले शववाहन खरिद गरेर धवलागिरि अस्पताललाई हस्तान्तरणको छ । आफन्तको मृत्युमा दुःख परेको समयमा शव ओसारपसारका लागि समस्या नहोस् भन्नका लागि नगरपालिकाले शववाहन खरिद गरेर सञ्चालनका लागि अस्पताललाई हस्तान्तरण गरेको नगरप्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो।

नगरपालिकाको रु १२ लाख २० हजार र धवलागिरि अस्पतालको रु दुई लाख गरी रु १४ लाख २० हजारमा कर छुट गरी शववाहन खरिद गरिएको हो । बिरामी बोक्ने एम्बुलेन्समै शव बोक्नुपर्ने समस्या भएपछि नगरपालिकाले शववाहन खरिद गरेर शनिबार सो अस्पताल हस्तान्तरण गरेको छ।

शववाहन सञ्चालनमा ल्याएपछि शव व्यवस्थापनमा निकै सहज हुने धवलागिरि अस्पतालका प्रमुख मेडिकल सुपरीटेण्डेन्ट डा शैलेन्द्र विक पोखरेलले बताउनुभयो । "नगरपालिका र अस्पतालबीच शववाहन सञ्चालन कार्यविधि बनाएर शववाहन सञ्चालनमा ल्याइने छ", उहाँले भन्नुभयो।

# रत्नेचौरमा धार्मिक महोत्सव

पोखरापत्र संवाददाता
म्याग्दी, १५ फागुन

समथर फाँटमा पहेँलै फुलेको तोरी, खेतको फाँटमा पक्की सडक र उत्तरतर्फ देखिने सेताम्यै हिमालका कारण भाइरल बनेको जिल्लाको बेनी नगरपालिका-१ रत्नेचौरमा धार्मिक महोत्सव हुने भएको छ।

धार्मिक तथा पर्यटकीय दृष्टिकोणले प्रचुर सम्भावना रहेको रत्नेचौरमा अवस्थित श्रीलक्ष्मी हरि मन्दिरमा फागुन २३ देखि ३० गतेसम्म महोत्सवको आयोजना गर्न लागिएको मन्दिरका अध्यक्ष एवं मूल आयोजक समितिका संयोजक नेत्रबहादुर महतले बताउनुभयो । महाज्ञयको अवसरमा विभिन्न जिल्लामा रहेका धार्मिकस्थलबाट समेत भक्तजनको आगमन हुने जनाइएको छ । धार्मिक महोत्सवका प्रचारप्रसार तथा आवश्यक तयारीका लागि १५१ सदस्यीय समितिसमेत बनाइएको स्थानीय युवा विक्रम बोगटीले जानकारी दिनुभयो। महोत्सवमा छिमेकी जिल्लाका साथै विभिन्न क्षेत्रमा रहेका धार्मिक सङ्घसंस्थालाई सहभागिताका लागि अनुरोध गरिएको छ।

# मिर्गौलापीडित पण्डितलाई सहयोग

पोखरापत्र संवाददाता
तनहु, १५ फागुन

मिर्गौलापीडित रामचन्द्र पण्डितलाई कास्कीका कर्मचारीका तर्फबाट करिब रु दुई लाख सहयोग गरिएको छ।

नेपाल निजामती कर्मचारी सङ्गठनका केन्द्रीय सदस्यसमेत रहनुभएका उहाँलाई सो सङ्गठन कास्कीले रु एक लाख ९५ हजार सहयोग गरेको हो।

सङ्गठनको ११औं जिल्ला अधिवेशनका अवसरमा उक्त रकम उहाँलाई हस्तान्तरण गरिएको छ । कास्कीका विभिन्न कार्यालयमा कार्यरत कर्मचारीबाट सङ्कलन गरिएको रकम पण्डितको उपचारमा सहयोग पुऱ्याउन हस्तान्तरण गरिएको निजामती कर्मचारी सङ्गठन तनहुँका अध्यक्ष रुद्र ठकुरीले जानकारी दिनुभयो । बिरामी पण्डितलाई शुक्रबारमात्रै निजामती कर्मचारी सङ्गठन तनहुँले पनि रु ५० हजार ८४५ सहयोग गरेको थियो। भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँका अधिकृत पण्डितको केही समयअगाडि स्वास्थ्यमा समस्या आएपछि परीक्षण गर्दा दुवै मिर्गौला फेल भएको पत्ता लागेको थियो । निजामती कर्मचारी सङ्गठनले पण्डितको उपचारमा सहयोग गर्न सबैसँग अपिल गरेको छ।

कोलकातास्थित अस्पतालमा पण्डितको मिर्गौला प्रत्यारोपणको तयारी गरिएको र आर्थिक स्रोत अभाव भएपछि सबैसँग सहयोगको अपिल गरिएको अध्यक्ष ठकुरीले जानकारी दिनुभयो।

सहयोगका लागि निजामती कर्मचारी सङ्गठन तनहुँको नाममा राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं ३५२०१०००००४६३००१ वा माछापुच्छ्रे बैंकमा रामचन्द्र पण्डितको नाममा रहेको खाता नं १२३६५२४१११३३९०११ मा रकम जम्मा गर्न सकिनेछ।

# कास्की हेभी इक्यूपमेन्टमा कोइराला सर्वसम्मत

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

कास्की हेभी इक्युपमेन्ट व्यवसायी संघको ७ औं वार्षिक साधारण सभा तथा ४ औं अधिवेशन सम्पन्न भएको छ।

चौथोअधिवेशनबाटबालकृष्ण कोइरालाको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित भएका छन्। सर्वसम्मत निर्वाचित हुनेहरुमा वरिष्ठ उपाध्यक्ष रामचन्द्र तिमिल्सिना, उपाध्यक्ष बलराम त्रिपाठी, सचिव भिम के.सी., सहसचिव बामदेव पौडेल, कोषाध्यक्ष सुमन लामिछाने, सह-कोषाध्यक्ष सावित्री गुरुङ पुन रहेका छन्। यस्तै सदस्यहरुमा उमानाथ आचार्य, टंक प्रसाद बराल, धर्म गुरुङ्ग, रवि बराल, चन्द्रकान्त ढुङ्गाना, सुवास ढकाल, प्रकाश त्रिपाठी, सुजन भट्टराई सर्वसम्मत निर्वाचित भएका छन् । अधिवक्ता मदन प्रसाद तिवारी संयोजक, लिलाधर बराल र लिलामोहन कुइकेल सदस्य रहेको निर्वाचन समितिले निर्वाचन प्रक्रिया सम्पन्न गरेको थियो । हेभी इक्युपमेन्ट व्यवसायी संघका केन्द्रिय अध्यक्ष प्रेमलाल श्रेष्ठले उद्घाटन गरेको कार्यक्रममा बोल्दै विशिष्ट अतिथि कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले प्राकृतिक प्रकोपमा आइपरेका विपदहरुमा सहयोग गर्दै आएकोमा हेभी इक्युपमेन्ट व्यवसायीहरु प्रति



धन्यवाद व्यक्त गर्दै व्यवसायीहरुमा रहेको गुण्डागर्दीबाट हुन सक्ने सुरक्षा चिन्तामा शान्ति सुरक्षा दिन प्रशासन सक्षम रहेको बताएका थिए। समृद्ध नेपाल सुखी नेपाली अभियानलाई सार्थकता प्रदान गर्न निजी क्षेत्र र राज्य बीच सहकार्यले निरन्तरता पाइरहनु पर्ने प्र.जि.अ. आचार्यले बताए।

जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख इन्स्पेक्टर अमृत बहादुर बस्नेतले ट्राफिक नियम उल्लंघनलाई नियमन गर्नुपर्ने ट्राफिकको कर्तव्य रहेको बताए । उद्घाटन सत्रमा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय, पोखरा उद्योग वाणिज्य संघका कोषाध्यक्ष बलराम आचार्य, हेभी इक्युपमेन्ट कास्कीका पूर्व अध्यक्ष लिला कुंइकेल, निर्माण व्यवसायी संघ कास्कीका अध्यक्ष सुरेश श्रेष्ठ, गण्डकी क्रसर उद्योग संघका अध्यक्ष सुरेन्द्र त्रिपाठी, निर्माण व्यवसायी गण्डकीका टंक बराल महासंघका केन्द्रीय सचिव महेशराज पौडेल, वरिष्ठ उपाध्यक्ष उमाकान्त शर्मा, केन्द्रीय निवर्तमान अध्यक्ष तारा बहादुर कुँवर लगायतले हेभी इक्युपमेन्ट व्यवसायीहरुको समस्या र चुनौतीका बारेमा प्रकाश पार्दै अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए।

कास्की हेभी इक्युपमेन्ट व्यवसायीसंघकाअध्यक्षनिलकण्ठ पोखरेल (निश्चल)को सभापतित्वमा आयोजित कार्यक्रमको सञ्चालन संघका उपाध्यक्ष रामचन्द्र तिमिल्सिनाले गरेका थिए । शुक्रबार मात्र व्यवसायीहरुको कास्कीमा आयोजित भेलाले निलकण्ठ पोखरेलको अध्यक्षतामा गण्डकी प्रदेश समिति गठन भएको जनाइएको छ । उक्त समितिमा प्रकाश लामिछाने सचिव चयन भएका छन्।

# कालीगण्डकीको पानी तानेर गलेश्वरमा स्नानको व्यवस्था

पोखरापत्र संवाददाता
म्याग्दी, १५ फागुन

कालीगण्डकी नदीको पानी तानेर म्याग्दीको बेनी नगरपालिका-९ स्थित गलेश्वर मन्दिर परिसरमा ल्याइएको छ। मन्दिर परिसरमा भक्तजनलाई कालीगण्डकीको पानीले स्नान गर्ने व्यवस्था मिलाइएको हो। मन्दिर परिसरमा कालीगण्डकीको पानी ल्याएपछि स्नानका लागि जोखिम मोलेर नदी किनारमा पुग्नुपर्ने बाध्यता हटेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो।

उहाँका अनुसार खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको सहयोगमा भक्तजनलाई स्नानका लागि 'लिफ्ट' प्रविधिबाट पानी तानिएको हो । स्नानका लागि ११ वटा गौमुखी धारा जडान गरिएको छ । नदी किनारमा बनाइएको इनारबाट विद्युत्को सहायताले चल्ने 'समसिबल वयल पम्प'बाट तानिएको पानी ४५ मिटर माथि रहेको ओभरहेड ट्याङ्कीमा सङ्कलन हुन्छ । नदीको किनारमा नौ मिटर गहिरो इनार बनाइएको छ। जमिनदेखि करिब २० फिट अग्लो २५ हजार लिटर क्षमताको ओभरहेड ट्याङ्कीको पानी पाइपमार्फत धारामा पुऱ्याइएको निर्माण समितिका सचिव राम बानियाँले बताउनुभयो। उहाँका अनुसार आयोजना निर्माणका लागि खानेपानी कार्यालयले रु ३६ लाख ७६ हजार उपलब्ध गराएकामा दाताबाट रु आठ लाख ८७ हजार सहयोग प्राप्त भएको थियो। नदी किनारमा नौ रोपनी जमिनमा फैलिएको एउटै चट्टानमाथि अवस्थित गलेश्वर मन्दिर दर्शन र पूजाआजाका लागि आउने भक्तजन स्नानका लागि नदी किनारमा पुग्ने गरेका थिए । महाशिवरात्रि, बालाचर्तुदर्शी, साउन महिनाको सोमबारका दिन मेला लाग्ने गलेश्वर पश्चिमको पशुपतिनाथ र मुक्तिनाथको प्रवेशविन्दु मानिन्छ। मन्दिर परिसरमै कालीगण्डकीको पानी आएपछि स्नानका लागि किनारमा जाने समय बचत हुने, झन्झट र दुःख नहुनाका साथै स्नानका क्रममा चिप्लेर नदीले बगाउनेजस्ता जोखिम अब नहुने कोषका उपाध्यक्ष बमबहादुर पुनले बताउनुभयो। तेइस वर्षअघि निर्माण भएको गलेश्वर मन्दिरको छानालाई हालै पित्तलले छाएपछि थप आकर्षक देखिन थालेको छ। यसैबीच सामाजिक विकास कार्यालयको रु पाँच लाखको सहयोगमा कोषको कार्यालय र मन्दिर परिसर रङरोगन तथा मर्मत गरिएको छ। गत वर्ष निर्माण भएको बहुउद्देश्यीय सभाहलमा तीर्थयात्री निवास बनाउन लागिएको छ।

# नेपाल ल्याइयो अमेरिकी साँढे

रासस
काठमाडौं, १५ फागुन

व्यावसायिक गाईपालन गरी किसानको जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यले अमेरिकाबाट सात वटा साँढे नेपाल ल्याइएको छ । नश्ल सुधारका लागि पहिलोपटक पाँच वटा जर्सी र दुई वटा होल्स्टीन साँढे गत शुक्रबार नेपाल ल्याइएको हो।

विश्व बैंकको सहयोगमा कृषि तथा पशुपक्षी मन्त्रालयको नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाअन्तर्गत मेट ग्रुपले ल्याएका ती साँढे हाल खुमलटार स्थित पशु क्वारेन्टाइनमा राखिएको छ। चार/पाँच दिनपछि ती साँढे पोखराको लाम्पाटनमा रहेको राष्ट्रिय प्रजनन् केन्द्रमा पठाइने आयोजनाका अनुगमन तथा मूल्याङ्कन अधिकृत डा केशव भट्टले जानकारी दिनुभयो । नौ महिनादेखि एक वर्षको वयस्क भएका ती साँढेबाट केही वर्षभित्रै नश्लसुधार भई देशभरि व्यावसायिक गाईपालन गर्न सहयोग पुग्ने उहाँको भनाइ छ। अमेरिकाबाट ल्याइएका साँढेबाट होल्स्टीन, जर्सी र स्थानीय जातका गाईलाई कृत्रिम गर्भाधान गराइसकेपछि त्यहाँ उत्पादन हुने सिमेन किसानलाई निःशुल्क रूपमा वितरण गरिने डा भट्टले जानकारी दिनुभयो । अब नेपाली किसानले नस्ल सुधारपछि धेरै फाइदा लिन सक्ने र यसबाट उनीहरूको जीवनस्तरमा निकै सुधार आउने उहाँको विश्वास छ । विदेशबाट पशु ल्याउनेसम्बन्धी स्पष्ट व्यवस्था नहुँदा र कोरोना महामारीका कारण झण्डै एक वर्षको प्रयासपछि मात्रै ती साँढे ल्याउन सकिएको मेट ग्रुपका प्रबन्धक निर्देशक सारिन केसीले बताउनुभयो । उहाँले भन्नुभयो, "सुरुमा अमेरिकाको सिकागोबाट बङ्गलादेशबाट ल्याउने प्रयास असफल भएपछि कोलकाता र दोहाबाट पनि कोसिस गर्‍यौं, सम्भव नभएपछि अन्तिममा नयाँदिल्लीबाट नेपाल वायुसेवा निगमको विमानमार्फत ल्याउन सक्यौं ।" जिउँदो पशुहरूको हकमा कुनै पनि विमानस्थलमा २४ घण्टाभन्दा बढी राख्न नपाइने प्रावधानका कारण पनि निकै समस्या झेल्नुपरेको उहाँ बताउनुहुन्छ।

सुरुमा रु एक करोड ३० लाखमा सम्झौता भएकामा ढिलासुस्तीका कारण खर्च बढेर रु दुई करोड पुगेको उहाँको भनाइ छ। प्रति साँढे रु १८ लाखमा खरिद गरिएकामा पछि लागत बढ्न जाँदा झण्डै रु २६ लाख पर्न गएको छ। सम्झौता भएको रकमभन्दा घाटा नै खाएर साँढे नेपाल ल्याउन सफल भएको बताउँदै केसीले भन्नुभयो, "यसमा हामीलाई निकै घाटा पर्न गएको भए पनि देशमा व्यावसायिक गाईपालन गर्न सहयोग पुग्ने आशा गरेका छौं।"

# गोपाल खनालको सम्झनाकालहरहरू लोकार्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, १५ फागुन**

युवा सर्जक गोपाल खनालको गजल कृति सम्झना कालहरहरुको लोकार्पण शनिबार सम्पन्नभएको छ । पोखराको न्युरोड स्थित हिमालयन रिडर्स कर्नसको सभाहलमा भएको कृति विमोचन कार्यक्रममा प्रमुख अतिथि संस्कृतिकर्मी, कवितीर्थ श्रेष्ठले कृतिको लोकार्पण गरेकाहुन् ।



गजल सन्ध्या पोखराको १२ औं अधिवेशन, १७औं साधारण सभासँगै नियमित रचना वाचनको २२४ औं श्रृङ्खलाको अवसरमा आयोजित कार्यक्रम सन्ध्याका अध्यक्ष मोहन भण्डारीको अध्यक्षतामा भएको थियो । उद्घाटन सत्रका प्रमुख अतिथि तीर्थ श्रेष्ठले खनालको नवीनतम कृति लोकार्पण गर्दै गजलका नाममा रचना लेख्दैमा जो कोही गजलकार हुन नसक्ने धारणा राखे । 'कतिले त गजललाई साहित्यको विधा नै नमान्ने र गजल लेख्नेलाई साहित्यकार नै नमान्ने अवस्था थियो' गजल लेखनको अनुभव सुनाउँदै श्रेष्ठले भने, 'गजलकारहरूकै कारण गजलआज स्थापित विधा बनेको छ ।'

तारकेश्वर गाउँपालिका-१ दाडसिङ, नुवाकोटका स्थायी बासिन्दा खनाल पोखरामा रहेर साहित्य साधना गरिरहेका युवा सर्जक हुन् । पत्रकारिता र शिक्षणमा समेत लागेका उनकोयस कृतिमा १०१ गजल समेटिएका छन् । खनालले आफ्नो दशक देखिको कृति प्रकाशनगर्ने धोको पूरा भएकोमा खुसी व्यक्त गरे । सम्झनाकालहरहरु कृति गजल सन्ध्या पोखराको प्रकाशन र रमण पौडेलको सहप्रकाशनमा बजारमा आएको हो ।

गजल सन्ध्याका उपाध्यक्ष वसन्त विनोदले स्वागत मन्तव्य राखेको कार्यक्रममा सन्ध्याका संस्थापक अध्यक्ष दीलिप दोषी, गजलकार प्रकट पँगेनी 'शिव', पूर्व अध्यक्षहरू दीपक समीप, रुपीन्द्र प्रभावी, मन क्षेत्री लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# स्याङ्जामा सुन्तला उत्पादनमा कमी, ५७ करोडको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १५ फागुन**

चालु वर्षमा स्याङ्जामा सुन्तला उत्पादनमा कमी आएको छ । गतवर्ष १७हजार ६ सय ३२ मेट्रिकटन सुन्तला फलेको स्याङ्जामा चालु वर्षमा भने १३ हजार ८ सय ४० मेट्रिकटन मात्रै सुन्तला फलेको छ । गतवर्षको तुलनामा यस वर्ष ३३ प्रतिशत सुन्तला उत्पादनमा कमी आएको छ ।



गतवर्ष १ हजार ६ सय ५५ हेक्टरमा सुन्तला खेति गरिएकोमा७० प्रतिशत अर्थात १ हजार १ सय ६० हेक्टर क्षेत्रफलमा १५.२ टन प्रति हेक्टर सुन्तला फलेको थियो । गतवर्ष १ हजार १ सय ६० हेक्टरमा ७९ करोड ३४ लाख ४० हजारको सुन्तला फलेको थियो भने ५५ करोडको सुन्तला निर्यात भएको कृषि ज्ञान केन्द्रका प्रमुख विनोद हमालले जानकारी दिए । चालु वर्षमा भने १ हजार ३ सय ८० हेक्टर क्षेत्रफलमा १३ हजार ८ सय ४० मेट्रिकटन सुन्तला फलेको हो । स्याङ्जामा सुन्तला खेति १ हजार ९ सय ६९ क्षेत्रफलमा विस्तार गरिए पनि ५ सय ९० हेक्टर क्षेत्रफलमा रहेका सुन्तलाका बिरुवाले उत्पादन दिएका छैनन् । गतवर्ष ७९ करोड ३४ लाख ४० हजारको सुन्तला फलेको जिल्लामा चालु वर्षमा७६ करोड १२ लाख रुपैँयाको सुन्तला फलेको छ । चालु वर्षमा ३ हजार ४ सय ६० मेट्रिकटन अर्थात २५ प्रतिशत १९ करोड २ लाख मुल्य पर्ने सुन्तला आन्तरिक रुपमा खपत भएको छभने १० हजार ३ सय ८० मेट्रिकटन सुन्तला बिक्रीहुँदा ५७ करोड ९ लाख आम्दानी भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । उत्पादित सुन्तलाको २० प्रतिशत अर्थात २ हजार ७६ मेट्रिक टन सुन्तला स्थानीय बजारमै बिक्री हुँदा ११ करोड ४१ लाख सुन्तलाबाट आम्दानी हुँदा भने ८० प्रतिशत ८ हजार ३ सय ४ मेट्रिकटन सुन्तला जिल्ला बाहिर निर्यात हुँदा ४५ करोड ६७ लाख रुपैँया जिल्लामा भित्रिएको छ । गतवर्ष ४५ रुपैँयामा होलसेल बिक्री भएको सुन्तला चालु वर्ष भने ५० रुपैँयामा बिक्री भयो भने ७५ मा खुद्रा बिक्री भएको सुन्तला चालुवर्ष ५ रुपैँया बृद्धि भएर ८० रुपैँयामा बिक्री भएको छ । जिल्लामा सुन्तला टिपाई ९९ प्रतिशत सकिएको छ ।

सुन्तला उत्पादनका लागि उपयुक्त भूगोल भएकाले जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत सुन्तला सुपरजोन परियोजना संचालनमा छ । सुपरजोन अर्न्तगत १ हजार ५ सय ९० हेक्टरमा र कृषि ज्ञान केन्द्र मार्फत ६ सय हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएको छ । जिल्लाका पुतलीबजार, वालिङ, भीरकोट, चापाकोट, गल्याङ नगरपालिकाका अधिकांश वडामा सुन्तला खेती गरिदै आएको छ । दहथुम, अर्जुनचौपारी, एलादी, मनकामना, खिलुङ देउराली, ठूलाडिही, फापरथुम, बहाकोट, ओरष्टे, पौवेगौडे लगायतका वडा सुन्तला उत्पादनका मुख्य पकेट क्षेत्र हुन । स्याङ्जामा उत्पादित सुन्तला पोखरा, बुटवल, नारायणघाट, काठमाडौंमा बिक्री निर्यात हुदै आएको छ । गतवर्षको तुलनामा चालु वर्षमा सुन्तला उत्पादनमा कमी आउनुको मुख्यकारण 'औसा किरा' रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । उत्पादित सुन्तलामा औसा किरा भन्ने रोग लागेका कारण सुन्तला उत्पादनमा कमी आएको हो ।

# ग्रामीण वस्तीमा विकासका रौनक

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ फागुन**

सडक, सञ्चार, शिक्षा र स्वास्थ्यको पहुँचसँगै म्याग्दीका दुर्गम ग्रामीण वस्तीमा पछिल्लो समय रौनक छाएको छ ।

सहजरूपमा आफ्नै गाउँघरमै ती सुविधा प्राप्त हुँदै गएपछि गाउँलेको जीवनस्तरमा समेत परिवर्तन आएको छ । विकासले केवल सुविधामात्रै होइन, वर्षौंदेखि ओझेलमा परेका गाउँवस्तीलाई उजिल्याइदिएको छ भने जीवन जिउने नयाँ-नयाँ आधारसमेत पहिल्याइदिएको स्थानीयवासीले बताएका छन् ।

घर-आँगनमै गाडी, नजिकै विद्यालय, वडा कार्यालयसँगै स्वास्थ्यचौकी, घरघरमा झलमल्ल बिजुली, आफन्तको सञ्चोबिसञ्चो बुझ्न र कुराकानी गर्न हातहातमा मोबाइल, खेतबारीबाट अन्नपात र घाँस-पराल बोकेर घरगोठमा पुग्ने ट्र्याक्टर, मोटरसाइकल जिल्लाका गाउँवस्तीमा अहिले जताततै देख्न पाइन्छ । चार-पाँच वर्षअघिसम्म दुर्गम मानिएका गाउँमा पछिल्लो समय विकासको लहर चलेको छ ।

यातायातको पहुँचसँगै विकासको परिभाषालाई बुझ्न थालेका म्याग्दीका ग्रामीण भेगका बासिन्दा सडक, शिक्षा, स्वास्थ्य र सञ्चारको सुविधा पनि गाउँमा नै पाएपछि दङ्ग परेका छन् । म्याग्देली ग्रामीण जनताको जीवनशैलीमा नै परिवर्तन देखिएको छ । स्थानीय तह हुनुभन्दा अगाडि दुर्गम क्षेत्र भएकै कारण कसैको नजर नपर्ने म्याग्दीका मुना, कुइने, ठाडाखानी, रुमलगायतका गाउँमा सडक सञ्जाल जोडिएको छ । विकासको महत्वपूर्ण आधारमध्येको एक सडक भएका कारण आफूहरूले प्राथमिकताका साथ योजना छनोट गरेर सबै वडामा सडक पुर्याइएको स्थानीय जनप्रतिनिधिले बताएका छन् । जिल्लाका छवटा स्थानीय तहमध्ये धवलागिरि गाउँपालिका-३ गुर्जामा मात्रै सडक सञ्जालको पहुँच पुगेको छैन । गुर्जामा सडक विस्तारका लागि पनि स्थानीय तह र प्रदेश सरकारबाटकामभइरहेकोधवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले जानकारी दिनुभयो ।

स्थानीय तह गठन भइसकेपछि गाउँ-गाउँमा सडक आएकाले जिल्ला सदरमुकाम बेनीबजार पुग्न तीन दिन लाग्ने ठाउँबाट अहिले दिनमा जाउआउ गर्न सकिने भएको कुइनेमङ्गलेका हरि छन्त्यालले बताउनुभयो । "सडकले गाउँको स्वरुप नै परिवर्तन गरिदिएको छ, विकासका पूर्वाधारसँगै मानिसको चेतनास्तरमा पनि सुधार आएको छ", रघुगङ्गा गाउँपालिका-६ ठाडाखानीका वडासदस्य टेकजीत छन्त्यालले भन्नुभयो ।

शिक्षा क्षेत्रमा पछि परेको ठाडाखानीलाई प्राथमिकता दिएर चुहिने विद्यालयलाई पक्की विद्यालयका रूपमा स्तरोन्नति गर्दै आएको छन्त्यालको भनाइ छ । दिनभर हिँडेर पाखापानीसम्म पुगेर उपभोग्य सामानको जोहो गर्नुपर्थ्यो । गाउँमा कोही बिरामी पर्दा भरिया लगाएर डोकोमा बोकेर उपचार गर्न बेनी पुर्याउनुपर्ने बाध्यता हुन्थ्यो, अहिले वडा-वडामा स्वास्थ्य सेवाको सहज पहुँच पुगेकाले सहज भएको स्थानीयवासी हिमाली छन्त्यालले बताउनुभयो ।

विकाससँगै सचेतनामूलक कार्यक्रममार्फत बालविवाह रोकथाममा पनि सहयोग पुगेको स्थानीयवासीको भनाइ छ । अहिले जिल्लाका छवटै स्थानीय तहका वडामा रहेका विद्यालयको भौतिक संरचना निर्माण तीव्ररूपमा भइरहेको छ । स्वास्थ्यचौकीमा चिकित्सक र औषधिको पहुँच छ । सञ्चारको पहुँच नपुगेको कुनै वडा नै छैन । सामान्य बिरामी पर्दासमेत सदरमुकाम वा काठमाडौँ पोखरा पुग्नुपर्ने बाध्यता हट्दै गएको स्थानीयवासीले बताएका छन् । गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा गरिरहेको लगानीका कारण त्यहाँका नागरिकलाई निकै सहज भएको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम छन्त्यालले बताउनुभयो ।

कहिल्यै मोटर गाडी नदेखेका वृद्धवृद्धा पनि गाउँघरमा सर्र... गाडी गुड्दा दङ्ग छन् । हप्तौं लगाएर नुन, चामल बोकेर उपभोग गर्ने गरेको बूढापाका अहिले गाउँमै सबै सुविधा पाउँदा हर्षित बनेका रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो ।

स्थानीय टेकबहादुर छन्त्याल भन्नुहुन्छ, "पहिले हाम्रो जमानामा यस्तो सुविस्ता थिएन, हामी नुन, चामल लिनका लागि खसौली बटौली पुग्ने गर्थ्यौं, अहिले त घरघरमै दोकान छन्, उतिबेलाको जस्तो दुःख छैन अहिले ।"

# चार महिनादेखि किसानले दूधको भुक्तानी पाएनन्

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ फागुन**

बागलुङका बलेवा क्षेत्रका व्यावसायिक दुग्ध उत्पादक किसानले चार महिनादेखि दूधको भुक्तानी पाएका छैनन् । बागलुङ नगरपालिका-१२ को कालीगण्डकी, नवनमूना, वडा नं १४ को नारायणस्थान र जैमिनी नगरपालिका-१ कुश्मीशेराको पल्लोपाखाका दुग्ध उत्पादक सहकारीले मङ्सिर महिनायताको भुक्तानी नगरेका हुन् ।

यहाँका चारवटै सहकारीले बिक्री केन्द्र गठन गरेर सोही केन्द्रमार्फत बजारमा दूध पठाउने गरेका छन् । स्थानीय बजारमा दूध बिक्री नभएको भन्दै पोखराको लभकुश डेरीलाई दूध बिक्री गर्दै आएका संस्थाले डेरीले पैसा नदिएको भन्दै किसानको पैसा भुक्तानी नगरेका हुन् ।

सहकारीमार्फत बिक्री हुँदै आएको दूधको भुक्तानी समयमा नपाउने यो नयाँ घटना भने होइन । गत वर्षसमेत बागलुङ र पर्वतका डेरी पसलले भुक्तानी नदिएको बहानामा किसानको दूधको भुक्तानी रोकिएको थियो । बागलुङ र पर्वतमा बिक्री गर्दा समस्या भएको भन्दै पोखराको डेरी पसललाई दूध उपलब्ध गराएका सहकारीले यो वर्ष पनि किसानलाई समयमा भुक्तानी दिन नसकेका हुन् ।

बिक्रीबाट आउने रकम भुक्तानी नपाउँदा किसानलाई दैनिकी चलाउन कठिन भएको बागलुङ-१२ का किसान बाबुदेव पौडेलले बताउनुभयो । पौडेलले चार महिनाको ५५ हजार बढी रकम भुक्तानी पाउन बाँकी छ । "अरु आयस्रोत भएकाका लागि त समस्या नहोला तर हाम्रो त चल्ने स्रोत भनेकै दूध हो", पौडेलले भन्नुभयो, "समयमा दूधको भुक्तानी नआउँदा सहकारीले चासो दिएन ।" उहाँले सहकारीले चासो दिएर डेरीसँग भुक्तानी मागेको भए समस्या नआउने बताउनुभयो । किसानले गाईभैंसीका लागि आवश्यक दाना चापटको समयमा भुक्तानी गर्न नसक्दा समस्या आएको भन्दै चिन्ता व्यक्त गर्न थालेका छन् । "हामीले सहकारीलाई जानेर दूध दिने हो, बजारमा के भएको छ भनेर उहाँहरुले खोज्ने कुरा हो", किसान पौडेलले भन्नुभयो, "बेच्न नलैजाउँ भने कहाँ फाल्नु, सहकारीलाई दिएको दूधको पैसा पाउन सधैँ कठिन हुने गरेको छ ।" सहकारीले जगेडा कोषको व्यवस्था गरेरै भए पनि किसानलाई समयमा भुक्तानी दिनुपर्ने उहाँले बताउनुभयो ।

सहकारीले भने बिक्री केन्द्र र लभकुश डेरीले पैसा रोकेका कारण किसानलाई भुक्तानी दिन नसकेको बताउँदै आएका छन् । "हामीले दूध दिएको पोखराको लभकुश डेरीले मङ्सिरदेखिको पैसा दिएको छैन, पैसा आए हामी रोक्दैनौँ", कालीगण्डकी दुग्ध उत्पादक सहकारीका अध्यक्ष कृष्णप्रसाद लामिछानेले भन्नुभयो "हाम्रो किसानको भुक्तानी रोक्ने कुनै मनसाय होइन, हामी पनि किसान हौँ, बजारमा समस्या भएकाले रोकिएको हो ।" लभकुश डेरी पोखराले महामारीका समयमा बजारमा बिक्री भएको भुक्तानी पाउन बाँकी रहेको भनेर समयमा भुक्तानी नदिएको लामिछानेले बताउनुभयो ।

लभकुश डेरी पोखराले भने सहकारीलाई दिने रकमका विषयमा हिसाब हेरेपछि मात्रै थाहा हुने बताएको छ । "के कति बाँकी छ हिसाब नहेरी थाहा हुँदैन", डेरीको लेखा शाखामा काम गर्ने वैकुण्ठ ढुङ्गानाले भन्नुभयो । सहकारीले डेरीकातर्फबाट रु ४० देखि ४५ लाख पाउन बाँकी रहेको एक सदस्यले बताउनुभयो । दैनिक दूध गइरहेको र भर्खरै मात्र दूधको मूल्य बढेकाले पाउनुपर्ने रकम तलमाथि हुने उहाँले बताउनुभयो । यहाँका सहकारीले दैनिक एक हजारदेखि एक हजार ५०० लिटर दूध पोखरा, कुश्मा र स्थानीय बजारमा बिक्री गर्दै आएका छन् ।

# गाउँगाउँमा पक्की घरको लहरः पातलिँदै गए परम्परागत ढुङ्गे घर

**-ध्रुबसागर शर्मा**
**बागलुङ, १५ फागुन (रासस)**

ग्रामीण क्षेत्रमा यातायातको पहुँच र रेमिट्यान्सबाट प्राप्त आम्दानीका कारण गाउँगाउँमा पक्की घर बनउने लहर चलेको छ ।

कङ्क्रिटका पक्की भवन निर्माण हुनेक्रम बढ्दै गएपछि परम्परागत ढुङ्गे घर पातलिँदै जान थालेका छन् भने खरले छाएका घर प्रायः लोप नै भएका छन् । डेढदशक अगाडिसम्म म्याग्दीका ग्रामीण क्षेत्रमा ढुङ्गा र खरले छाएर रातोमाटो र सेतो कमेरोलो पोतिएका घर बाख्लै देखिन्थे । पर्यटकीय जिल्ला म्याग्दीमा विदेश र सहर बजारबाट जोहोकोही गाउँमा पुग्दा ती घरले मनै लोभ्याउने गर्थे । रैथाने सीप र स्रोतको प्रयोग गरी परम्परागत रूपबाट निर्माण गरिएका ती घरले धेरैलाई आकर्षित गर्ने गरेको पाइन्थ्यो । उतिबेला गाउँमा यातायातको पहुँच पुगिसकेको थिएन । जब सडक विस्तार भएर गाउँमा यातायातका साधन पुग्न थाले तब रड र सिमेन्टको प्रयोग गरी गाउँमा पक्की घर निर्माणको क्रम बढेको यहाँका ज्येष्ठ नागरिकको भनाइ छ ।

सडकको प्रभाव ती पुराना परम्परागत घरमा परेको उनीहरुको बुझाइ छ । परम्परागत घर र ढुङ्गे घर गाउँबाट विस्तारै ओझेलिँदै छन् । अहिले गाउँमा धमाधम सिमेन्ट र कङ्क्रिटका घर ठडिँदै गएका छन् । सक्नेले पक्की पिल्लरवाला घर बनाएका छन् भने न्यून वर्गका नागरिकले खर र ढुङ्गाको छानो हटाएर जस्तापाले घर छाउन थालेका छन् ।

यसले पुराना मौलिक घर विस्तारै विस्थापित हुने अवस्थामा पुर्याएको छ । म्याग्दीको बेनी नगरपालिका- २ बगरफाँट, मालिका गाउँपालिका- ७ बीम, रघुगङ्गा गाउँपालिका- ६ पाखापानी लगायतका विभिन्न वस्तीमा पाँच वर्ष अगाडिसम्म गाउँका अधिकांश घर ढुङ्गा र केही खरले छाइएका थिए । तर, अहिले ती वस्तीमा पुग्यो भने सिमेन्टेड पक्की घर र विभिन्न रङगका जस्तापाताले छाएर घर रङ्गीचङ्गी देखिन्छन् । कमेरो र रातोमाटोले पोतिएका घर कम पाइन्छ । गाउँमा सडक आएपछि गाउँलेले सहरबजारियाले जस्तो सिकेर परम्परागत घरलाई भत्काएर नयाँस्वरूपमा बनाउन थालेको बगरफाँटका बेदप्रसाद उपाध्यायले बताउनुभयो । उहाँले भन्नुभयो, "डेढ दशक अगाडिसम्म गाउँमा धेरैजसो घर ढुङ्गा र खरले छाएका थिए, गाडी आउने बाटो पनि थिएन, अहिले ती सबै घर लोप भइसके ।" बेनी नगरपालिका ४ सिंगामा पनि करिब एक दशक अगाडिसम्म ढुङ्गे घरहरु टन्नै थिए । तर अहिले ढुङ्गाका घरले भएका ठाउँमा ठूलाठूला कङ्क्रिटका घर ठडिएका छन् । सडक सिंगामा नपुग्दा धेरैको घर ढुङ्गालेनै छाएको भए पनि अहिले धेरैजसोले पक्की भवन बनाउन थालेको स्थानीयवासी केशव पौडेलले बताउनुभयो ।

उहाँले गाउँमा सडक आएपछि धेरै मानिसले बजारबाट सहज रूपमा घर निर्माण गर्ने सामान ल्याउन सक्ने भएपछि ठूलाठूला भवन बनाउन थालेको बताउनुभयो । पौडेलले यहाँका धेरैजसो मानिस विदेश गएको हुँदा उनीहरूले गाउँमा परम्परागत घर र ढुङ्गाको घर विस्थापित गरी पक्की घर बनाउन थालेको जानकारी दिनुभयो । विदेशमा कमाएको पैसा म्याग्दीमा धेरैजसो अनुत्पादक क्षेत्रमा नै खर्च हुने गरेको बैंक तथा वित्तीय संस्थाको तथ्याङ्क छ । घर, घडेरी र मोजमस्तीमा नै धेरैजसो पैसा खर्च हुनेगरेको पाइएको छ । यहाँका मान्छे सबै विदेशमा छन्, विदेशमा कमाउने यहाँ ठूला-ठूला घर बनाउने गरेका छन्, पहिलेको तुलनामा अहिले गाउँ निकै फरक भएको स्थानीयवासीको भनाइ छ ।

दिनदिनै सिमेन्टका घर ठडिरहेका छन्, एक/दुई वर्षमा यहाँ ढुङ्गाका घर पनि देख्न नपाइने स्थानीय बासिन्दाको अनुमान छ । सडक सञ्जालले यो ठाउँ जोडिएपछि पुराना घर विस्थापित भएको स्थानीयवासीले बताउनुभयो । सहरी तथा भवन निर्माण आयोजना कार्यालय म्याग्दीका अनुसार मानिस सजक र सचेत हुँदै गएको हुँदा नयाँ-नयाँ प्रविधि प्रयोग गरेर घर तथा भवन निर्माण गर्न थालेका छन् । परम्परागत घर भूकम्पीय दृष्टिकोणले केही जोखिम हुने भन्दै नागरिकले सचेतता अपनाएर पक्की भवन बनाउन थालेको बताइएको छ ।

# पर्यटन प्रवर्द्धनका लागि पदयात्रा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ फागुन**

बागलुङको पर्यटन प्रवर्द्धनका लागि यहाँका युवाले प्रसिद्ध पर्यटकीय क्षेत्र पञ्चकोटदेखि काठेखोला गाउँपालिकाको बेलढङ्गासम्म पदयात्रा गरेका छन् । कोरोना भाइरस सङ्क्रमणको जोखिमका कारण सुस्ताएको पर्यटन व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यले सामाजिक विकासका क्षेत्रमा काम गर्दै आएका १२ युवाको समूहले दुई दिने पदयात्रा सुरु गरेका हुन् । बागलुङ नगरपालिका-६ पञ्चकोटबाट शनिबार सुरु भएको यात्रा आज काठेखोला गाउँपालिका-३ को बेलढङ्गामा पुगेर सकिने यात्रामा सहभागी प्रेम केसीले बताउनुभयो । पञ्चकोट-बेलढुङ्गा पदमार्गमा पर्ने संसारकोट, थाप्ले, गुनगुनेको धुरी, दारेगौँडालगायतका पर्यटकीय क्षेत्रको प्रचारप्रसार र प्रवर्द्धनका लागि पदयात्रा गरिएको उहाँको भनाइ छ । काठेखोला गाउँपालिका-२ भीमापोखरामा रहेको पुष्पाञ्जलि ग्रामीण विकास केन्द्रले शिवरात्रिको अवसर पारेर पद्यात्राको आयोजना गरेको थियो । बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकाका पर्यटकीय क्षेत्र समेटिएको पञ्चकोट-बेलढुङ्गा पदमार्गको प्रचारका लागि पदयात्रा गराइएको केन्द्रका अध्यक्ष विक्रम शर्माले बताउनुभयो । केन्द्रले गतवर्ष थाप्लेको धुरीमा सात देशका झण्डा राखेर पर्यटकलाई निम्ता दिएको थियो ।